ढकारी गाउँपालिका
DHAKARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
ढकारी,अछाम
DHAKARI, ACHHAM
सुदूरपश्चिम प्रदेश,नेपाल
SUDURPASCHIM PROVINCE

फोन नं:९८६४८११९०२
९८६४८११३११
९८६४८११०७३

पत्र संख्या/Letter No: २०८१/०८२
चलानी.नं./Dispatch No:

मिति/Date: २०८१/१२/२८

## नि:शुल्क तालिमको लागि आवेदन दिने बारे सूचना ।

उपरोक्त विषयका सम्बन्धमा पोखरा भ्याली टेक्निकल ट्रनिङ्ग इन्ष्टिच्युट प्रा.लि.मार्फत मिति २०८२/०२/०७ बाट सुरु हुने विभिन्न ४ विषयमा आवासीय सुविधा सहित नि:शुल्क तालिम सञ्चालन हुने भएकोले सहाभगी हुन इच्छुक युवाहरुले मिति २०८२/०१/१५ गतेभित्र रोजगार सेवा केन्द्रमा सम्पर्क गरी विवरण दिनुहुन हुन अनुरोध छ । तालिम पोखरामा सञ्चालन हुनेछ र छनोट भएका प्रशिक्षार्थीहरुलाई खान, बस्न, गाडीभाडा र मासिक निर्वाह भत्ता तालिम प्रदायकको नियमानुसार उपलव्ध हुनेछ ।

| क्र.सं. | तालिम विवरण | अविधि | सहभागीको उमेर | शैक्षिक योग्यता | सिट |
|---|---|---|---|---|---|
| १ | सिकर्मी तालिम | ४ महिना | १७-४० | साधारण लेखपढ | १२ जना |
| २ | डकर्मी, प्लम्बर र स्टिल फिक्चर | ४ महिना | १७-४० | साधारण लेखपढ | १२ जना |
| ३ | इलेक्ट्रोनिक तथा मोबाइल मर्मत | ४ महिना | १७-२७ | ८ कक्षा उत्तीर्ण | २ जना |
| ४ | बेशिक र एडभान्स इलेक्ट्रिकल | ६ महिना | १७+२७ | ८ कक्षा उत्तीर्ण | २ जना |

आवश्यक कागजात

१. नागरिकताको प्रतिलिपि २. पासपोर्ट साइजको फोटो ३. शैक्षक योग्ताको प्रमाण पत्र
४. अभिभावकको मञ्जुरीनामा र सम्झौता

नोट: छनोट भएका प्रशिक्षार्थीहरुले तालिम पश्चात फिर्ता हुने गरी रु.५०००।- (पाँच हजार मात्र) धरौटी राख्नु पर्नेछ ।

(लक्ष्मण साह)
नि.प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण साह
नि.प्रमुख प्रशासकीय अधिकृत

**पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।**

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर वेश) तथा (फि वेश) शुल्क तिरेर संचालीत तालिम ...................................................... .(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री.........................................को छोरा ...................................................निबासी श्री.................................................. (यस पछि दोस्रो पक्ष भनिने) बिच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

**प्रथम पक्षको जिम्मेवारी**

- प्राबिधिक शिक्षा तथा ब्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्बन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्क्रम अनुसारको निशुल्क तालिम संचालन गराउने छौ ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिर्फम आदि सुविधा नि-सर्थ उपलब्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

**दोस्रो पक्षको जिम्मेवारी**

- यस तालिमा सकिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा बाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।

- PVTTI र तालिम सहभागी बिचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।
- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ । यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन ।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यर्होन पर्ने छ ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ । उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ ।
- तालिम अबधिमा आफुले तालिम संग सम्बन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ ।
- पर्खाल तथा गेट बाट फिटकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन ।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन ।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु । उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ । यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारबाही व्यर्होने छौ ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| ................ | ......................... | ........................... |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |